सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ५२ ♦ २०८० साल कार्तिक १५ गते बुधवार ♦ 1 Nov 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## डिजेल र मट्टी तेलको मूल्य घट्यो

डिजेल र मट्टीतेलको भाउ प्रतिलिटर ४ रुपैयाँले घटेको छ । नेपाल आयल निगमले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट घटेर आएको नयाँ मूल्यपछि डिजेलको मूल्य घटाएको हो ।

निगममा प्रवक्ता मनोजकुमार ठाकुरका अनुसार राति १ बजेदेखि नयाँ मूल्य लागु हुने छ ।

निगम व्यवस्थापन समितिको निर्णयअनुसार स्वचालित मूल्य समायोजन कार्यविधिलाई यथावत राख्दै डिजेलको मूल्य घटाइएको उनले बताए ।

अब काठमाडौं उपत्यकामा डिजेल र मट्टीतेलको उपभोक्ता मूल्य प्रतिलिटर १६४ रुपैयाँ प्रतिलिटर कायम भएको निगमले जनाएको छ ।-खबरदर्पण

## कर्मचारीहरुले मेरो चरित्र हत्या गर्न खोजे :बृहत्तरका अध्यक्ष साह



**खबर दर्पण समाचारदाता**

**कार्तिक १४ गते, महेन्द्रनगर**

बृहतर जनकपुर क्षेत्र विकास विकास परिषदका अध्यक्ष शितल साहले अनाहकमा कर्मचारीहरु आफु विरुद्ध लागेको दावी गरेका छन् ।

मंगलबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष साहले कर्मचारीहरुले आफुमाथि कपोलकल्पित आरोप लगाएको बताएका हुन् ।

उनले आफुलाई परिषदको कार्यालयमा प्रवेश निषेध गरेर कर्मचारीहरुले अतिरञ्जित रुपमा भ्रम फैलाएको बताए । उनले आफुले कुनैपनि किसिमको अनियमितता नगरेको दावी समेत गरे ।

उनले भने, ‘कर्मचारीहरुको स्वार्थपूर्ती नहुँदा मेरो चरित्र हत्या गर्ने षडयन्त्र गरेको हो ।’

उनले अघि थप्दैं भने, ‘अध्यक्षको पद सम्हालेको करीब १५ महिना देखी नै मैले तलब, भत्ता, संचार, इन्धन लगायतका कुनै पनि सेवासुविधा तथा आर्थिक लाभ नलिई अहोरात्र परिषदकै कार्यमा खटि रहने म शितल साह माथि लगाईएको आरोपहरु निराधार हुन्, मेरो चरित्र हत्या गर्न षडयन्त्र गर्यो, मैले कुनै अपराध गरेको भए भगवान नै साक्षी छ ।’

उनले परिषदका निमित्त कार्यकारी निर्देशक मनिष झाको बेवास्ताका कारण कर्मचारीहरुले तलब तथा चाडवाड खर्च समयमा उपलब्ध नगराएको आरोप लगाए ।

उनले परिषदको इमेल आई.डी. र पासवर्ड आफ्नो अधिनमा राखेको बताए ।

परिषदमा कार्यरत रहेका कर्मचारीहरुले बडादसैंमा समेत तलबलगायतका सेवासुविधाको बाधक अध्यक्ष साह रहेको र परिषदको काममासमेत कमिसन खोज्ने आफु अनुकुल व्यक्तिलाई सेवासुविधा उपलब्ध गराउन दवाव सृजना गर्ने र परिषद्को

बाँकी पृष्ठ २ मा

## १२ वर्ष बित्दा पनि निर्माण हुन सकेन विद्यालय भवन



नगराईन नगरपालिकाको जटहीमा अवस्थित भारतीय लगानीमा निर्माण हुन लागेको विद्यालय भवन अलपत्र अवस्थामा । तस्बिर: लक्ष्मी चौधरी

**लक्ष्मी चौधरी**

**कार्तिक १४ गते, जनकपुरधाम**

धनुषामा भारतीय लगानीमा निर्माण हुन लागेको विद्यालय भवनको निर्माण कार्य अधुरो हुँदा उक्त विद्यालयहरूले थप कार्यक्रम पाउन सकेका छैन ।

धनुषा जिल्लाको नगराइन नगर पालिका स्थित भारतीय लगानीमा निर्माण हुन थालेको ६ वटा सामुदायिक विद्यालयको भवन १२ वर्ष बित्दा पनि सम्पन्न हुन नसकेपछि विद्यालयमा आवश्यक थप शैक्षिक कार्यक्रम ल्याउन नसकिएको हो ।

पालिकाको ६ वटा सामुदायिक विद्यालयका कक्षा कोठाहरू निर्माण गर्ने भनी आएको बजेटबाट काम सम्पन्न नहुँदा विद्यालयका लागि थप शैक्षिक कार्यक्रम समेत सम्बन्धित निकायले दिन नमानेको प्राध्यापकहरूको भनाइ छ ।

पालिकाको जटहीस्थित राष्ट्रिय आधारभूत विद्यालय बाहेक पाँचवटै विद्यालयको छत ढलानपछि बिचमै काम छाडेर निर्माण कम्पनी भागेपछि भवन अभावमा पठनपाठनमा समेत प्रभाव भएको छ । साथै एउटै कक्षा कोठामा दुई वटा कक्षा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको जटिहीस्थित राष्ट्रिय आधारभूत विद्यालयका प्रधानाध्यापक अनुजकुमार मिश्रले बताउनुभयो ।

उहाँका अनुसार भवन निर्माण नहुँदा सम्बन्धित निकायले थप कार्यक्रम तथा योजना दिन मानेका छैनन् । कक्षा कोठाको अभावमा एउटै कक्षा कोठामा दुई वटा कक्षा सञ्चालन गर्दा पढाइमा समेत असर परेको उहाँ बताउनुहुन्छ । चाँडो भवन निर्माण कार्य सम्पन्न भयो भने विद्यालयलाई थप सुधार गर्न सकिने प्रधानाध्यापक मिश्रको भनाइ छ ।

यस्तै, नगरपालिका वडा नं. २ स्थित राघोपुरमा अवस्थित र ाघोबाबा आधारभूत विद्यालयका प्रधानाध्यापक रामचन्द्र मण्डल भन्नुहुन्छ, ‘‘आजभोलि भवन तयारी हुने भन्दाभन्दै यतिका वर्ष बित्यो । कठिनाइमा पनि बालबालिकालाई पढाई रहेका छौं । कक्षा कोठा नहुँदा बाध्य भएर एउटै कोठामा दुई वटा कक्षा सञ्चालन गर्नु परेको छ ।’’

छ वटा विद्यालयमध्ये राष्ट्रिय आधारभूत जटहीको विद्यालयबाहेक पाँच विद्यालयमा ६८ प्रतिशत मात्र निर्माण भएको भने छत ढलानसम्मको काम भएको छ ।

२०६८ सालमा दुई करोड ९१ लाखमा ठेक्का लिएको चेतना युके एण्ड जेभी निर्माण सेवा कम्पनीले १२ वर्षमा पनि काम सम्पन्न नगरेपछि विद्यालय भवन अलपत्र परेका छन् ।

सम्झौताअनुसार निर्माण कम्पनीले दुई पटकसम्म म्याद थप गराई काम नगरेपछि विद्यालयको पठनपाठन समेत प्रभावित बनेको प्राधानाध्यपकहरुको भनाइ छ ।

सम्झौता अनुसार १८ महिनामा काम सम्पन्न हुनु पर्नेमा निर्माण कम्पनीले काम अलपत्र छाडेपछि सङ्घीय आयोजना कार्यान्वयन इकाई कार्यालय जनकपुरले निर्माण कम्पनीलाई डेढ वर्षका लागि काँचो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाएको थियो भने उक्त काम यही साउनमा द डिजाइनर्स नेपाललाई एक वर्षमा काम सम्पन्न गर्नेगरी दुई करोड ६८ लाख रुपियाँमा ठेक्का लगाएको छ ।

सङ्घीय आयोजना कार्यान्वयन इकाई जनकपुरका प्रमुख प्रदीप खनालका अनुसार पुरानो कम्पनीको ठेक्का तोडी, जमानत जफत गरिएको छ भने पछिल्लो समयको जानकारी अनुसार निर्माण कम्पनी युके एण्ड जेभीलाई सार्वजनिक खरिद ऐन अनुसार डेढ वर्षका लागि कालो सूचिमा समेत राखिएको छ ।

बाँकी पृष्ठ ३ मा

## यस्तो पो प्रहरी त ! जसले ९ लाख भेटाएर जिम्मा लगाए

**विशाल बस्नेत**

**कार्तिक १४ गते, बर्दिवास**

प्याट्रोलिङ्गको क्रममा बर्दिवासमा प्रहरीले भेटाएको ९ लाख रुपैया जिम्मा लगाईएको छ ।

अनुसन्धानको क्रममा उक्त पैसा महतो किराना पशलका संचालक जगदिश महतोको एकिन भएपछी महतोलाई हस्तान्तरण गरिएको हो ।

उधोग बाणिज्य संघ बर्दिवासका अध्यक्ष बिष्णु खडका, व्यवसायीहरु गुन्ज कार्की, ज्ञान बहादुर राउत, पत्रकार लगायतको रोहवरमा महतोलाई हस्तान्तरण गरिएको प्रहरीले जनाएको छ ।

कालो झोलाभित्र रहेको ९ लाख ५ सय ६२ रुपैया महतोलाई जिम्मा लगाइएको इलाका प्रहरी कार्यालयका प्रमुख विजय यादवले जानकारी दिए ।


### कसरी फेला परेको थियो ?

३ असोजको राती इलाका प्रहरी कार्यालय गौरिडाडाको प्रहरी विट भोला वसन्त चोकवाट प्रहरी जवान अजय मण्डल प्याट्रोलिङ्ग गरि रहेका थिए ।

प्याट्रोलिङ्गको क्रममा ५० मिटर पर महतो किराना पशल नजिक पुगेपछि उन्ले एउटा कालो झोला देखे । झोलालाई आफैले बोकेको लौरोले यताउता चलाए । खासै संकास्पद नभएको अनुमान लगाएपछी सोही लौरोले ताने अनि खोलेर हेरे ।

खोलेर हेरेका मात्र थिए झोलाभरी पैसा नै पैसा देखेपछी उनी झसङ्ग भए । तत्काल प्रहरी बिटका इन्चार्ज असई मनसुरी गदिलाई जानकारी गराए । गदिले इलाका प्रहरी कार्यालयका प्रमुख विजय यादवलाई जानकारी गराए ।

बाँकी पृष्ठ ३ मा



# त्रिकोणात्मक प्रेम सम्बन्धले लियो प्रिन्सिपल सर्राफको ज्यान

**खबर दर्पण समाचारदाता**
**कार्तिक १४ गते, महेन्द्रनगर**

गोली प्रहार गरि सोमवार हत्या भएका बाराको कलैयाल स्थित बाल एकता बोर्डिङ स्कुलका प्रिन्सिपल रुपेश सर्राफको मंगलबार हिन्दु परम्पराअनुसार दाह संस्कार गरिएको छ ।
पसहा खोलमा उनको अन्तिम संस्कार गरिएको पारिवारिक स्रोतले जनाएको छ । यसअघि एन प्यापसनका पदाधिकारीले संस्थाको झण्डा ओढाई सर्राफमा श्रद्धाञ्जली अर्पण गरेका थिए ।
मृतक सर्राफको श्रीमती सहित दुई छोरा छन् । उनलाई श्रद्धाञ्जली अर्पण गर्न ठुलो संख्यामा शुभचिन्तकहरू कलैया उपमहानगरपालिका वडा नम्बर ६ स्थित उनको निवासमा पुगेका थिए ।
कलैया उपमहानगरपालिकाका प्रमुख विनोद साह, नेकपा माओवादी केन्द्रका युवा नेता मुकेश साह, नेपाली कांग्रेसका युवा नेता लुकेश सिंह लगायत विभिन्न राजनीतिक दलका व्यक्ति नागरिक अगुवा, निजी तथा सामुदायिक विद्यालयका शिक्षक शिक्षिका, आफन्तजन, पत्रकार, सुरक्षाकर्मी लगायतले सर्राफको पार्थिव शरीरमा श्रद्धाञ्जली अर्पण गरेका थिए ।
उपमहानगरपालिका भित्रका शिक्षक तथा पेसागत विभिन्न संघ(सङ्गठनहरूले घटनाको निन्दा गर्दै शोक मनाउने निर्णय गरेका छन् ।
यस्तै बारा उद्योग वाणिज्य संघले पनि एक विज्ञप्ति जारी गर्दै हत्याको विरोधमा आज बजार बन्द गरे ।संघका अध्यक्ष राजकुमार साह द्वारा जारी विज्ञप्तिमा मंगलबार साँझसम्म बजार बन्द गरी सहयोग गर्न उद्योगी तथा व्यापारीहरूसँग अपिल गरिएकाले बजार पूर्णरूपमा बन्द रह्यो।
एन प्याब्सनले पनि सोमबार नै विज्ञप्ति मार्फत उक्त घटनाको निन्दा गर्दै दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गर्नुको साथै आज मधेस प्रदेशका निजि विद्यालयहरु बन्द गर्ने निर्णय गरे अनुसार विद्यालयहरु बन्द रह्यो ।
प्रिन्सिपल सर्राफमाथि सोमबार दिउँसो करिब १ बजे अपरिचित समूहले तीन गोली प्रहार हत्या गरेकाले जिल्लावासीमा त्रासको वातावरण छाएको छ ।
कलैयास्थित मदर्शा टोलमा दुईवटा नेपाली मोटरसाइकलमा आएका चारजना अज्ञात व्यक्तिले तीन राउण्ड गोली सर्राफ माथि प्रहार गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए । हत्या गरिएको ठाउँ जिल्ला प्रहरी कार्यालयभन्दा पाँच मिनेटको दूरीमा पर्दछ ।
गोली लागेर सख्त घाइते सर्राफलाई कलैया प्रादेशिक अस्पताल उपचार हुन नसकेपछि थप उपचारका लागि वीरगन्ज स्थित बयोधा अस्पतालमा लगिएको र उपचारका क्रममा उनको मृत्यु भएको प्रहरी उपरीक्षक काफ्ले जानकारी दिए।
प्रेम सम्बन्धका कारण सर्राफको हत्या भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। यसअघि गत साउन २८ गते कलैयाको एक होटलमा सर्राफको हत्याको प्रयास गरिए पनि त्यति बेला उनि बाँच्न सफल भएको पक्राउ परेकाहरूले प्रहरीसमक्ष बयान दिएको अनुसन्धानमा खटिएका एक प्रहरीले जानकारी दिए ।
घटनामा संलग्न एक युवती सहित तीन नेपाली र तीन भारतीयलाई प्रहरीले पक्राउ गरेको जनाइएको छ । सो घटनामा अन्य थप दुईजनाको पनि





संलग्नता हुनसक्ने प्रहरीको अनुमान छ । अहिले दस जनालाई नियन्त्रणमा लिएर घटनाको बारेमा सुक्षमरुपमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।
अनुसन्धानमा संलग्न एक प्रहरी अधिकृतले दिएको जानकारीअनुसार पक्राउ परेकी महिला राधा गुप्ता हुन्। उनी मदरसा टोलमै बसोबास गर्छिन्। पक्राउ परेका अर्का व्यक्ति भारतीय नागरिक मनोज गुप्ता छन्। राधा उक्त स्कुलकी पूर्वलेखापाल हुन्। उनी र सर्राफ बीच प्रेम सम्बन्ध रहेको खुलेको छ। प्रिन्सिपल सर्राफ विवाहित हुन्। उनका दुई छोरा छन्। केही समयअघि सर्राफ र राधाबीचको प्रेम सम्बन्ध बाहिरिएको थियो। मनोज पनि राधाको प्रेमी हुन्। राधा र प्रिन्सिपल सर्राफ बीचको सम्बन्ध बाहिरिएपछि मनोजकै जोडबलमा राधाले जागिर छाडेकी थिइन्। मनोजले सर्राफलाई राधाको पिछा छाड्न भनेका थिए। तर सर्राफ नमानेको भन्दै उनीहरूकै योजनामा हत्या भएको खुलेको हो।
प्रहरी उपरीक्षक काफ्लेले सर्राफ को हत्याका विभिन्न कारणबारे अनुसन्धान भइरहेको बताए। प्रेम सम्बन्ध एक कारण देखिए पनि अरू पनि कारण हुन सक्ने उनको भनाइ छ।
अनुसन्धान अन्तिम चरणमा पुगेको बताउँदै उनले पत्रकार सम्मेलन गरी थप कुरा सार्वजनिक गरिने बताए।
घटनामा संलग्न रहेका केही व्यक्तिलाई पक्राउ गर्न बाँकी रहेको प्रहरीले जनाएको छ।
एक प्रहरी अधिकृतका अनुसार हत्या गर्न भारतीय सुटरहरू समेत प्रयोग गरिएको आशंका छ। 'शंकास्पद केही सुटरलाई नियन्त्रणमा लिएका छौं, भेरिफाइ गर्दैछौं,' उनले भने, 'पैसा के-कति दिए नदिएको भन्ने बुझ्दैछौं।'
घटनाको करिब करिब अनुसन्धान सकिए र पत्रकार सम्मेलन मार्फत सबै डिटेल सार्वजनिक गर्ने प्रहरी उपरीक्षक काफ्लेले बताए ।

# कर्मचारीहरुले मेरो चरित्र.....

कार्यालयको सञ्चार केन्द्र भत्काएर आसेपासेलाई सेवासुविधान दिनका लीगि निरन्तर दवाव दिने गरेको भन्दै सम्बन्धी मन्त्रालयमा पत्राचार गर्दै अध्यक्ष साहलाई परिषद्को कार्यालयमा प्रवेश निषेध गरेको छ ।
परिषदका अध्यक्ष साहमाथि विभिन्न शीर्षकमा रकम हिनामिना गरेको, सरकारी सवारीको दुरुपायोग गरेको लगायतका आरोप लगाएको छ ।
बडादसैंको अवसरमा कर्मचारीहरुलाई तलब भत्तालगायतका सेवासुविधा उपलब्ध नगराउन वाधा अवरोध सृजना गर्नमा अध्यक्ष साह नै लागिपरेको भन्दै अध्यक्ष साहलाई परिषदको कार्यालयमा प्रवेश गर्न रोक लगाएका छन् ।


दुधमती मिडिया प्रा.ली. द्वारा संचालित
(अपन संस्कृति अपन पहिचान)
दुधमती एफ.एम. १०४ मेगाहर्ज
क्षीरेश्वरनाथ नपा ५, महेन्द्रनगर, धनुषा
दुधमती एफ.एम. १०४ मेगाहर्जबाट आफ्नो पसल, प्रतिष्ठान, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. : ०४१-५४००८९, ९८५४०२९७८२, ९८०४८३३५७८


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२ ९८४४०२४४५०/ ९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१ ९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# टी-२० विश्वकप एसिया : मलेसियालाई हराउँदै नेपाल सेमिफाइनलमा

**खबर दर्पण समाचारदाता**

**कार्तिक १४ गते, महेन्द्रनगर**

मलेसियालाई हराउँदै नेपाल एक खेलअघि नै आईसीसी टी-२० विश्वकप एसिया क्षेत्र छनोट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ। आज मङ्गलवार भएको खेलमा नेपालले मलेसियालाई ६ विकेटले हरायो । समूह 'ए' बाट नेपाल र ओमानले सेमिफाइनलमा स्थान बनाएका हुन् । समान ४ अङ्क भए पनि नेपाल नेट रनरेटका आधारमा शीर्ष स्थानमा छ ।

मलेसियाले दिएको १ सय ६६ रनको लक्ष्य नेपालले १८ ओभरमा ४ विकेट गुमाएर भेटायो । नेपालका कुशल मल्लले अर्धशतक बनाए । मल्ल ३४ बलमा ७ छक्का र २ चौका प्रहार गर्दै ६५ रन बनाएर आउट भए । यस्तै कुशल भुर्तेलले ४३ र आसिफ शेखले ३२ रन बनाए ।

यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ६५ रन बनायो । मलेसियाका सइद अजिजले सर्वाधिक ६८ रन बनाए । बलिङतर्फ नेपालका अबिनाश बोहराले ४ तथा सन्दीप लामिछाने, गुलसन झा र कप्तान रोहित पौडेलले समान १ विकेट लिए ।

पहिलो खेलमा नेपालले हिजो सोमवार सिङ्गापुरलाई ८ विकेटले हराएको थियो । अब नेपालले बिहीवार ओमानसँग खेल्नेछ । नेपाल रहेको समूह 'ए' मा सिङ्गापुर, ओमान र मलेसिया छन् । समूह 'बी' मा यूएई, बहरइन, हङकङ र कुवेत छन् । छनोटको फाइनल पुग्ने २ वटा टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकप खेल्न पाउनेछन् । त्रिवि र मूलपानी क्रिकेट मैदानमा हुने खेल १९ गतेसम्म चल्नेछ ।



## मधेश प्रदेशको बालबालिकाका....

प्रदेश प्रमुख भुसालले जानकारी दिनु भयो ।

सन् २०२२ मा मधेश प्रदेशका २१ पालिकाका १ लाख ९८ हजार ३ सय ९० बालबालिकाले प्रत्यक्ष रुपमा लाभान्वित भएको जानकारी दिइएको थियो ।

शिक्षा, बाल सुरक्षा, बालअधिकार मैत्री सरकार, स्वास्थ्य र पोषण, वाल गरिबी न्यूनीकरण र क्रस कटिङ्गको क्षेत्रमा सेभ द चिल्ड्रेनले स्थानीय तथा प्रदेश सरकारलाई सघाउने काम गरिरहेको जानकारी दिइएको छ । संस्थाले स्थानीय गैरसरकारी संस्थाहरू मार्फत मधेश प्रदेशका ४ सय ४० प्री-प्राइमरी तथा आधारभूत विद्यालय, ४ सय ७२ वाल क्लब सहित विभिन्न माध्यमले बालबालिकाको समग्र अवस्थामा सुधार ल्याउन काम गरिरहेको सेभ द चिल्ड्रेनका वरिष्ठ फिल्ड अफिसर उमेश कुमार गुप्ताले जानकारी दिनु भयो ।

सो अन्तरक्रिया कार्यक्रममा सहभागी भएका पत्रकारहरूले सेभ द चिल्ड्रेनलाई बालबालिकाका विभिन्न विषयहरूमा थप कामकाज गर्नु पर्ने सुझाव दिनु भएको थियो । सेभ द चिल्ड्रेनले बालबालिकाको शिक्षा, स्वास्थ्य तथा सुरक्षाका विषयमा गरेको सकारात्मक कार्यक्रमहरूको विषयमा कलम चलाउन तयार भएको सहभागी भएका पत्रकारहरूले प्रतिबद्धता प्रकट गर्नु भएको छ । अन्तरक्रियामा धनुषा तथा महोत्तरीका पत्रकारहरू सहभागी भएका थिए ।

## १२ वर्ष बित्दा पनि .......

समयमा काम सम्पन्न नगर्दा भवन अलपत्र परेको हो । काम छाडेको निर्माण कम्पनीलाई सम्झौता भएको रकमको भुक्तानीमध्ये ७७ लाख मात्र भुक्तानी दिन बाँकी रहेको इकाईका प्रमुख खनालले जानकारी दिनुभयो ।

भारतीय लगानीमा निर्माण हुन लागेको उक्त भवनमा पाँच वटा कक्षा कोठासँगै प्रधानाध्यापकको कोठा र महिला पुरुषका लागि छुट्टाछुट्टै शौचालय निर्माण गर्ने गर्नुपर्ने थियो ।

विद्यालय भवन निर्माणका लागि भारतले चार करोड २३ लाख रुपियाँ सहयोग गरेको थियो । सोही रकममध्येबाट १२ वर्ष पहिला विद्यालय भवनको निर्माण कार्य थालनी भएको थियो ।

## यस्तो पो प्रहरी त ! जसले....



यादवले केही स्थानियहरुको रोहवरमा पैसा गन्नु र गनेको पैसाको भिडियो पनि वनाउन निर्देशन दिए । गन्ने क्रममा महतो किराना पशलको केही विलहरु भेटिए । पैसा गनिसक्दा जम्मा ९ लाख ५ सय ६२ रुपैया रहेको एकिन भयो ।

भोलीपल्ट विहान ९ लाख भेटाएको बिषयमा निक्कै खैलावैला भयो । महतो किराना पशलको केही आधारहरु देखिएपछि स्थानियहरुले महतोलाई पनि जानकारी दिए ।

हप्तादिनसम्म महतो वाहेक दावी गर्न नआएपछी प्रहरीले उन्कै पैसा भएको निष्कर्ष निकाल्दै सोमवार पैसा जिम्मा लगाएको हो ।

### महतो भन्छन् : प्रहरी मेरा लागी भगवान जस्तै वने

पैसा हराएको थाहा पाएदेखी निक्कै चिन्तित वनेका महतोले प्रहरीको इमान्दारितामाथी नतमस्तक भएको वताए ।

'व्यापार भएको पैसा र अन्य पैसा भोलिपल्ट वैकंमा राख्ने भनेर स्टाफलाई भनेको थिए । झोला त बिर्सेर बाहिर नै छाडेछु ।' उन्ले भने ।

पैसा यदि प्रहरीले वाहेक अरुले भेटाएको भए भेट्न निक्कै मुस्किल पर्ने वताउदै उनले यो खुसियालीमा प्रहरी विट तथा केही भौतिक संरचना वनाई दिने घोषणा गरेका छन् ।

२५ हजार वरावरको प्रहरीको लागि संरचना वनाईदिने महतोले वताए ।

व्यापार मन्दीको यो समयमा त्यति ठुलो रकम फेला पार्ने प्रहरी जवान मण्डललाई उनले धन्यवाद दिए ।

प्रहरीले सर्वसाधारणको साथी मात्र हैन गतिलो भरोसा हो भन्ने बिषयलाई प्रहरी जवानले देखाएको जिम्मेवारीप्रतिको इमान्दारिताले प्रमाणित गरेको स्थानियहरुको तर्क छ ।


डेंगु रोगको लक्षण तथा बच्ने उपायहरूका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरु पनि देखा पर्न सक्छ ।

अन्य लक्षणहरु:

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने.
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने.
- वाकवाकी लाग्ने.
- पेट दुख्ने.
- शरीरमा विमिरा आउने ।





बच्ने उपायहरु:

- डेंगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्धि रोक्नु पर्दछ
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने.
- पानीका ट्याङकीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने.
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने.
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने.
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुँदा दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने.
- दिउँसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने.
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुल्टी पुर्ने.
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने.

क्षीरेश्वरनाथ नगरपालिका कार्यालय, महेन्द्रनगर ,धनुषा

पर्याप्त मात्रामा आयोडिन नपाउँदा हुन सक्छन् निम्न असरहरु :

- गलगाँड आउने
- गर्भावस्थामा समस्या देखिने : गर्भ तुहिने वा मृत शिशु जन्मने हुन सक्छ
- मानसिक र बौद्धिक क्षमतामा कमी आउने
- शिशुको दिमागको विकास राम्रो सँग नभई जन्मने
- सुस्तमनस्थिती हुने र बौद्धिक क्षमता कमी हुने
- काम गर्न सक्ने क्षमतामा कमी आउने र आलस्यपन आउने



त्यसैले खानामा आयोडिन मिसाएको नून खानु नै एक मात्र सरल उपाय हो ।

"थोरै खाऔं, सही मात्रामा खाऔं, दुई बालबालिकाको चिन्ह अंकित आयोडिन युक्त नून नै खाऔं"

लक्ष्मीनिया गाउँपालिका कार्यालय, धनुषा

# नि:शुल्क आँखा शिविर सम्पन्न



खबर दर्पण समाचारदाता

**कार्तिक १४ गते, महेन्द्रनगर**

धनुषाको बटेश्वर गाउँपालिका-१ स्वास्थ्यचौकीमा मंगलबार एकदिने नि:शुल्क आँखा शिविर सम्पन्न भएको छ ।

नेपाल रेडक्रस सोसाइटी अन्तर्गत रहेको जनकपुरको आँखा अस्पताल जनकपुरको आयोजना तथा फ्रेड होलोज फाउण्डेशनको सहयोग एवं स्वास्थ्यचोकीको समन्वयमा शिविर सम्पन्न भएको हो ।

शिविरमा एकसय ३० जना आँखाका बिरामीले चेकजाँच तथा उपचार गराएका छन् । जसमा ४० जना मोतियाबिनका बिरामी फेला परेको शिविरको संयोजन गर्ने स्थानीय समेत रहेका सञ्चार कर्मी फुलगेन मगहीले जानकारी दिए ।

शिविरमा जानकी आँखा अस्पतालका चिकित्सक अरुण महतोको नेतृत्वको टोलिले आँखाजाँच तथा उपचार गरेका थिए । मोतियाबिनका बिरामी फेला परेकाहरुलाई जानकी आँखा अस्पतालमा नि:शुल्क शल्यक्रिया गरिने जनाइएको छ ।

शिविरमा स्वास्थ्यचोकीका स्वास्थ्यकर्मी अमरेश महतो, रमेश महतो, पुजाकुमारी सिंह लगायत वडा नं. १ का वडाध्यक्ष अशोक कुमार महतो, स्थानीय काँग्रेस नेता रामउदगार महतो लगायतले सहयोग गरेका थिए ।

# जनकपुरधाममा अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलन हुँदै

खबर दर्पण समाचारदाता

**कार्तिक १४ गते, महेन्द्रनगर**



मधेश प्रदेशको राजधानी जनकपुरधाममा कात्तिक २२ गतकेवाट सुरु हुने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनको तयारी पूरा भएको छ ।

सम्मेलनबारेमा जानकारी दिने उद्देश्यले मंगलबार जनकपुरधामको जानकी मन्दिरमा अयोजित पत्रकार सम्मेलनमा आयोजकले अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनको तयारी पुरा भएको र सम्मेलनमा विश्वका २५ राष्ट्रका आयुर्वेदका विज्ञ, चिकित्सकको सहभागिता रहने जनाएको छ ।

जनकपुरधामको ऐतिहासिक तिरहुतियागाछीमा रहेको महेन्द्रनारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा आयोजना हुने सो सम्मेलनको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दहाल ‘प्रचण्ड’ ले गर्नुहुने सम्मेलन आयोजक संस्थाका संयोजक डा. राकेशकुमार सिंहले जानकारी दिनुभयो ।

ब्रह्मभूमि रिसर्च सेन्टर नेपाल, नेपाल आरोग्य संगठन तथा ब्रह्मभूमि आर्युविज्ञान अनुसन्धान संस्थानको आयोजनामा हुने अन्तर्राष्ट्रिय आयुर्वेद सम्मेलनमा अमेरिका, रुस, जापान, रसिया, यूक्रेन, इजरायल, भारत, भूटान, वंगलादेश, श्रीलंका, अष्ट्रेलिया, जर्मनीसहितका अधिकांश यूरोपेली राष्ट्रहरुको सहभागिता रहने आयोजक एवं सम्मेलनका संयोजक डा. सिंहले जानकारी दिनुभयो ।

माता जानकीको हजुरबुबा निमी आयुर्वेदका आँखा, कान र घाँटीका विशेषज्ञ भएको कारणले आयुर्वेदमा निमीतन्त्रको ठूलो महत्व भएको कारणले जनकपुरधाममा अन्तर्राष्ट्रिय सम्मेलन हुन लागेको बताउँदै तीन दिने अन्तर्राष्ट्रिय सम्मेलनमा आयुर्वेदका विषयमा विभिन्न कार्यपत्रहरु प्रस्तुत गरिने छ ।

कार्यक्रममा आयुर्वेदको बर्तमान अवस्था, भावी रणनीति, नेपालको जडीबुटी, वन, खनिज तथा वन्यजन्तुसहितका विषयमा छलफलका साथै सम्भाव्यताका विषयमा बृहत छलफल र परामर्श हुने जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले जानकारी दिनुभयो ।

सम्मेलनले जनकपुरधामको धार्मिक तथा अध्यात्मिक पर्यटन प्रबर्धनमा ठूलो मद्दत पुग्ने विश्वास उत्तराधिकारी महन्थ दासको रहेको छ । पत्रकार सम्मेलनमा मनरा शिशवा नगरपालिकाका नगरप्रमुख मोहन पाण्डे पनि सहभागी रहनुभएको थियो । अन्तर्राष्ट्रिय सम्मेलनमा जनकपुरधाम उपमहानगरपालिकाको सहयोग पनि रहेको आयोजकले जनाएको छ ।

# बटेश्वरमा चारदीवसीय महावीर झण्डा मेला सुरु

दिवेश कुमार महतो

**कार्तिक १४ गते, महेन्द्रनगर**

धनुषाको बटेश्वर गाउँपालिका २ धुमासन टोलमा मंगलबार देखि महावीर झण्डा मेला प्रारम्भ भएको छ ।

मंगलबार बिहान झण्डै ६ सयको संख्यामा कलससहितको शोभा यात्रा गर्दै श्री श्री १०८ श्री महावीर झण्डा ठड्याइएको हो । झण्डा ठड्याएसंगै चार दीवसीय मेलाको विधिवत सुरुवात भएको हो ।

कलश तथा शोभा यात्रामा नेकपा एकीकृत समाजवादी पार्टीका नेता तथा पूर्व मन्त्री सत्रुधन महतो, बटेश्वर गाउँपालिका अध्यक्ष रामअशिष महतो, उपाध्यक्ष फुलकुमारी सिंह, वडा नम्बर १ का वडाध्यक्ष अशोक महतो, वडा नं। २ का वडाध्यक्ष विजयकुमार महतो, एकीकृत समाजवादी पार्टीकी नेतृ ववी महतो लगायत स्थानीय राजनीतिक दलका प्रतिनिधि,गंगोत्री बोर्डिंग स्कुलका संचालक गाणेश साह, समाजसेवी, बुद्धिजिवी युवा, महिला लगायत एक हजारौंको सहभागिता रहेको थियो ।

मेलामा मंगलवारदेखि नाचगानसहितका सांस्कृतिक कार्यक्रमसहितको खेलतामासा रहेको मेला व्यवस्थापन समितिका अध्यक्ष रामनाथ महतोले बताए ।

स्थानीय रामबहादुर महतोको पहलमा लगाएको झण्डा मेलामा गाउँसमाजले चन्दा संकलन गरी लगाएको छ । जसमा वडाध्यक्ष विजयकुमार महतोको विशेष सहयोग रहेको छ भने मेला व्यवस्थापनका लागि गाउँसमाजका तर्फबाट रामनाथ महतो अध्यक्ष रहने गरी समिति बनाइएको छ ।

समितिको उपाध्यक्षमा राजकुमार महतो, सचिव कृष्णकुमार महतो, सहसचिव रामचन्द्र महतो, कोषाध्यक्षमा राजकुमार यादव रहेका छन् ।

यही ठाउँमा रामबहादुर महतोले एकल रुपमै २५ वर्ष अघि झण्डा मेला आयोजन गरेका थिए ।


**डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:**

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरु पनि देखा पर्न सक्छ ।

अन्य लक्षणहरु:

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने.
- हाडजोर्नी तथा मांसपेसीहरु दुख्ने.
- वाकवाकी लाग्ने
- पेट दुख्ने.
- शरीरमा विमिरा आउने ।



बच्ने उपायहरु:

- डेंगुबाट बच्न लामखुट्टेको टोकाई बाट बच्नको साथै लामखुट्टेको वृद्दि रोक्नु पर्दछ
- पानी जम्न सक्ने भाडा जस्तै गमला, फुलदानी, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रमहरु, गाडीमा काम नलाग्ने टायरहरु आदिमा पानी जम्न नदिने
- पानीका ट्याङकीलाई लामखुट्टे प्रवेश गर्न नसक्ने गरी राम्रोसंग ढकनले छोपेर राख्ने.
- कुलरमा रहेको पानीमा प्रत्येक हप्ता एक र दुई चम्चा मट्टितेल हाली दिने साथै जम्मा भएको पानी फाली सफा पानी राख्ने.
- फुलदानीमा भएको पानी हप्तामा दुई पटक सफा गर्ने.
- लामखुट्टेले दिउँसो तथा साँझ टोक्ने भएको हुदा दिउँसो तथा साँझ बस्दा बाहुला भएको वा शरीर ढाक्ने लुगा लगाउने.
- दिउसो वा राती सुत्दा झुलभित्र सुत्ने साथै साना केटाकेटीहरुलाई झुलभित्र सुताउने.
- घर वरिपरि सफा सुग्घर राख्ने, झारपात सफा गर्ने तथा पानी जम्ने खाल्टाखुट्टी पुर्ने.
- घरबाट अन्यत्र बास बस्ने गरी खास गरी डेंगु प्रभावित क्षेत्रमा जादा विशेष सवधानी अपनाउने.

**औरही नगरपालिका कार्यालय, महोत्तरी**


# मधेश प्रदेशको बालबालिकाको समग्र अवस्थामा सुधार हुँदै

खबर दर्पण समाचारदाता

**कार्तिक १४ गते, महेन्द्रनगर**



मधेस प्रदेशको बालबालिकाको समग्र अवस्थामा सुधार हुँदै गएको दाबि गरिएको छ।

मधेश प्रदेशका २१ वटा पालिकामा विभिन्न स्थानीय गैर सरकारी संस्थाहरूको सहकार्यमा सेभ द चिल्ड्रेनले काम गरेपछि बालबालिकाको समग्र अवस्थामा सुधार हुन थालेको दाबि गरिएको छ।

सेभ द चिल्ड्रेन मधेश प्रदेशको फिल्ड कार्यालय बर्दिबासले आज जनकपुरधाममा मधेश प्रदेशका पत्रकारहरूसँग आयोजना गरेको संचार साझेदारी बैठक कार्यक्रममा मधेश प्रदेशको मानव सूचकाङ्कको दृष्टिकोणले कमजोर रहेको सप्तरी जिल्लाका ६, महोत्तरीको ७, सर्लाहीको ४, बाराको ३ र धनुषाको १ वटा पालिकामा काम गरिरहेको जानकारी दिइएको छ ।

सेभ द चिल्ड्रेनको कार्यक्रम बालबालिकाको बाँच्न पाउने अधिकार, पढ्न पाउने अधिकार तथा बालबालिकाको संरक्षणको अधिकारमा केन्द्रित भएर काम गरिरहेको फिल्ड कार्यालयका प्रमुख धन भुसालले जानकारी दिनु भएको छ ।

सेभ द चिल्ड्रेनले मानव सूचकाङ्कले पछाडि परेको मधेश प्रदेश तथा कर्णाली प्रदेशलाई उच्च प्राथमिकतामा राखेर संघ, प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य गरेर काम गरिरहेको

बाँकी पृष्ठ ३ मा

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा